नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ३०७

मितिः-२०८०/१०/२१
ने.स ११४४ पोहेलागा ९

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ४१० मिति २०८०/१०/१७ को दादुरा-रुबेला खोपको देशव्यापी अभियान संचालनका लागि सहयोग र समन्वय सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

१०/२१

(आयुषी भट्टराई)
शाखा अधिकृत

**बोधार्थः**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य समन्वय महाशाखा

रामशाहपथ, काठमाडौं

२२३५८०
२६२६९६
२६१७३६
२६२८०२
२६१९८७
२६२४६८
२६२५४३

प.सं. : २०८०/८१/४/प्रा.स्था.स्वा.
च.नं.: ४१०

मिति: २०८०/१०/१७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः दादुरा-रूबेला खोपको देशव्यापी अभियान संचालनका लागि सहयोग र समन्वय सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपालले विश्वसामु २०२६ सम्ममा दादुरा तथा रूबेला रोगहरू निवारण गर्ने प्रतिवद्धता जनाए अनुसार दादुरा तथा रूबेला रोगहरू निवारण गर्नका लागि दादुरा-रूबेला खोपको देशव्यापी अभियान संचालन गर्न अति नै आवश्यक भएको हुँदा उक्त अभियान संचालन तथा व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहमा चालु आ.व. २०८०/८१ को स्विकृत वार्षिक कार्यक्रममा समेत समावेश गरिएको व्यहोरा अनुरोध छ ।

दादुरा रूबेला अभियान तयारीका लागि जिल्लास्तरमा संचालन हुने कार्यक्रमहरूका लागि स्वास्थ्य कार्यालयमा बजेट विनियोजन भएको र स्थानीयस्तरको खोप समन्वय समितको अभिमुखिकरण तथा वडास्तरको खोप समन्वय समितिको अभिमुखिकरण लगायतको कृयाकलापहरूका लागि स्थानीय तहहरूमा सशर्त अनुदान तर्फ नेपाल सरकार श्रोतमा "**स्थानीय तहको साझेदारीमा कोभिड-१९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत सञ्चालनको पालिका/वडाबाट खोप केन्द्र स्तरमा सुपरिवेक्षण तथा दादुरा रुबेला खोप अभियान सञ्चालन एवं व्यवस्थापनको लागि पालिका, वडा खोप समिति र स्वास्थ्यकर्मीहरुको लागि अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी**" शिर्षकमा बजेट विनियोजित भएको व्यहोरा अनुरोध छ । साथै तराइका २१ जिल्लाहरू र काठमाडौं उपत्यकाका ३ जिल्ला गरी जम्मा २४ जिल्लाहरूमा प्रत्येक खोप केन्द्रमा खटिने ३ जना स्वयंसेवक मध्ये २ जना स्वयंसेवकको व्यवस्थापनको बजेट जिल्लामा विनियोजित भएको र १ जना स्वयंसेवक सम्बन्धित स्थानीय तहहरूले व्यवस्थापन गर्न पर्ने व्यवस्था रहेको व्यहोरा समेत ज़ानकारीको लागि अनुरोध छ ।

तसर्थ, स्थानीय तहमा विनियोजित उक्त बजेटबाट नै दादुरा रूबेला खोप अभियान २०८०/८१ का लागि स्थानीयस्तर र वडास्तरको खोप समन्वय समितको अभिमुखिकरण तथा थप खोप केन्द्र व्यवस्थापनको लागि सबै स्थानीय तहहरूमा र तराइका २१ जिल्लाहरू र काठमाडौं उपत्यकाका ३ जिल्ला गरी जम्मा २४ जिल्लाहरूमा अवस्थित स्थानीय तहहरूमा प्रत्येक खोप केन्द्रमा खटिने ३ जना स्वयं सेवक मध्ये १ जना स्वयंसेवकको व्यवस्थापन समेत गर्ने गराउने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहहरूमा आवश्यक कार्यार्थ जानकारी गराइदिनु हुन यस मन्त्रालय (सचिवस्तरीय) को निर्णयानुसार अनुरोध छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नं.:- ११२६
दर्ता मितिः- ०८०/१०/१८

कृपा थापा मगर
जनस्वास्थ्य अधिकृत